# बैठक माइन्युट (Meeting Minutes)

## Rotary Year 2026–2027

**बैठक नं.:** ४७६
**बैठकको मिति:** २०८३–०४–३०
**स्थान:** Best Western Plus Hotel, Gaushala
**अध्यक्षता:** अध्यक्ष रोटरीयन बाबुराम खड्का
**सचिव:**. रोटरीयन सिर्जना महर्जन

## १. बैठक प्रारम्भ तथा स्वागत

अध्यक्ष  रोटरीयन बाबुराम खड्काज्यूको अध्यक्षतामा तथा सचिव. रोटरीयन सिर्जना महर्जनज्यूको समन्वयमा बैठक प्रारम्भ भयो। अध्यक्षज्यू तथा सचिवज्यूले उपस्थित सम्पूर्ण रोटेरियन तथा नयाँ सदस्यहरूलाई स्वागत गर्दै बैठकका विभिन्न एजेन्डाहरू प्रस्तुत गर्नुभयो।

## २. नयाँ सदस्य परिचय तथा Rotary Orientation

बैठकमा नयाँ सदस्यहरूको परिचय गराइयो। साथै, Rotary Club का गतिविधि, नियमित बैठकमा सहभागिता, कार्यक्रम सञ्चालन, Rotary Protocol तथा सदस्यहरूको जिम्मेवारीसम्बन्धी आवश्यक जानकारी प्रदान गरियो।

नयाँ सदस्यहरूलाई Club का गतिविधिमा सक्रिय रूपमा सहभागी हुन तथा Rotary का मूल्य, मान्यता र उद्देश्यअनुसार कार्य गर्न आग्रह गरियो।

## ३. क्लबका हालसम्म सम्पन्न कार्यक्रमको समीक्षा

अध्यक्षज्यूले चालु Rotary Year मा सम्पन्न विभिन्न कार्यक्रम तथा गतिविधिहरूको समीक्षा गर्नुभयो।

हालसम्म सम्पन्न प्रमुख गतिविधिहरू:

- मयुर रिसोर्टमा २०० वटा बिरुवा वृक्षरोपण कार्यक्रम सम्पन्न।
- १५० वटा बिरुवा वृक्षरोपण तथा मैत्री आश्रममा भोजन वितरण कार्यक्रम सम्पन्न।
- Cyber Security सम्बन्धी Online Training मा सहभागिता सम्पन्न।

## ४. आगामी कार्यक्रम तथा District सम्बन्धी जानकारी

Barcelona मा आयोजना हुने International Convention सम्बन्धी जानकारी गराउँदै September महिनाबाट Registration खुल्ने जानकारी दिइयो।

District Grant का लागि Project Proposal पेश गर्ने अन्तिम मिति **October 15** रहेको जानकारी गराइयो।

Public Image सम्बन्धी Training विराटचोकमा आयोजना हुने भएकाले Public Image Committee का Chair तथा Members लाई उक्त कार्यक्रममा सहभागी हुन आग्रह गरियो।

## ५. Teej कार्यक्रम तथा नयाँ सदस्यलाई Rotary Pin वितरण

आगामी Teej कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा छलफल भयो।

नयाँ सदस्यहरूलाई स्वागत गर्दै Rotary Pin उपलब्ध गराउने तथा Assistant Governor मार्फत Pin प्रदान गर्ने सम्बन्धमा आवश्यक जानकारी दिइयो।

## ६. स्वास्थ्य शिविर सम्बन्धी छलफल

Public Image/Management सम्बन्धी जिम्मेवारीमा रहेका Director Rtn. Matrika Gautam ले स्वास्थ्य शिविर सञ्चालनका लागि Ramechhap क्षेत्रमा स्थलगत भ्रमण गरी सम्भावित स्थानहरूको अध्ययन गरिएको जानकारी गराउनुभयो।

स्वास्थ्य शिविरका लागि आवश्यक औषधि तथा सामग्रीको Sample तथा Collection कार्य प्रारम्भ गर्न सकिने विषयमा छलफल भयो।

डाक्टरको सिफारिसअनुसार आवश्यक औषधिको सूची तयार गरी Club को Letter सहित सम्बन्धित औषधि कम्पनी तथा संस्थासँग सहयोगका लागि अनुरोध गर्न सकिने जानकारी गराइयो। अस्पतालमा उपलब्ध Sample औषधिहरू समेत संकलन गर्न सकिने विषयमा छलफल भयो।

स्वास्थ्य शिविर **आशोज र कार्तिक महिनाको बीचमा** सञ्चालन गर्ने सम्भावनाबारे छलफल गरियो।

**सम्भावित स्थानहरू:**

- गोलन्जोर गाउँपालिका, सिन्धुली

- रामेछाप

कार्यक्रमको केही खर्च सम्बन्धित संस्था, व्यक्ति तथा सम्भावित सहयोगदाताबाट सहयोगस्वरूप व्यवस्थापन गर्न सकिने सम्भावनाबारे समेत छलफल भयो।

## ७. KMC Hospital  संग सम्जौता सम्बन्धी जानकारी

IPP Rtn. Dilli Ram Giri ज्युले Kathmandu Medical College (KMC) मा Rotary Family तथा Rotary Family Members का लागि उपलब्ध छुट सम्बन्धी जानकारी गराउनुभयो।

आवश्यकताअनुसार Hospital Bed तथा विभिन्न उपचार सेवामा **१५% देखि ५०% सम्म Discount** उपलब्ध हुने सुविधा रहेको जानकारी दिइयो। उक्त सुविधाबाट Rotary Family का सदस्यहरूले लाभ लिन सक्ने जानकारीसमेत गराइयो।

## ८. Club Calendar

चालु Rotary Year का सम्पूर्ण कार्यक्रम, बैठक, परियोजना तथा अन्य गतिविधिहरूलाई समेटेर **Club Calendar** तयार गर्ने निर्णय गरियो।

## ९. अघिल्लो बैठकका निर्णय तथा प्रगति समीक्षा

अघिल्लो बैठकमा भएका निर्णयहरूको नियमित रूपमा पुनरावलोकन गर्ने निर्णय गरियो।

प्रत्येक बैठकमा निम्न विषयमा प्रगति समीक्षा गरिनेछ:

- अघिल्लो बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था।
- सम्पन्न भएका कार्यहरू।
- सम्पन्न हुन नसकेका कार्यहरू।
- बाँकी रहेका जिम्मेवारीहरू।
- आगामी दिनमा सञ्चालन गर्नुपर्ने नयाँ कार्यक्रम तथा कार्ययोजना।

## १०. District Program तथा Project Proposal

District का विभिन्न कार्यक्रम तथा परियोजनामा Club बाट प्रभावकारी सहभागिता जनाउने विषयमा छलफल गरियो।

सबै सदस्यहरूलाई आफ्ना Project Idea तथा Proposal तयार गरी बैठकमा पेश गर्न आग्रह गरियो। प्रभावकारी तथा Rotary को उद्देश्यसँग मेल खाने उत्कृष्ट Proposal लाई Club बाट प्राथमिकताका साथ स्वीकृत गरी कार्यान्वयनतर्फ अघि बढाउने निर्णय गरियो।

Past President Rtn. Tula Kandel ले Project Proposal लाई व्यवस्थित रूपमा तयार गरी Club तथा District स्तरमा प्रस्तुत गर्नुपर्ने विषयमा आवश्यक जानकारी गराउनुभयो।

## ११. Global Grant तथा District Grant

Global Grant अन्तर्गत न्यूनतम **USD 30,000** बराबरको Project सञ्चालन गर्न सकिने तथा District Grant अन्तर्गत करिब **USD 1,000** Grant उपलब्ध हुन सक्ने सम्बन्धमा जानकारी तथा छलफल भयो।

सदस्यहरूलाई दीर्घकालीन प्रभाव सिर्जना गर्ने, समुदायको आवश्यकता सम्बोधन गर्ने तथा Rotary का उद्देश्यसँग मेल खाने Project Proposal तयार गर्न आग्रह गरियो।

## १२. Rotary सम्बन्धी जानकारी तथा Charter President Council

Charter President Rtn. Manoj Kumar Kandel ले Rotary सम्बन्धी विभिन्न महत्वपूर्ण विषयमा जानकारी गराउनुभयो।

नेपालभर हाल **१६२ वटा Rotary Club** सहभागी रहेको तथा **११२ वटा Charter Club** रहेको जानकारी दिइयो।

केही Charter President हरूको निधन भएको तथा केहीले Rotary बाट अलग हुनुभएको अवस्थाबारे समेत जानकारी गराइयो।

Rotary District 3292 अन्तर्गत करिब ४० जना प्रत्यक्ष सहभागी तथा करिब ५० प्रतिशत सहभागितामा सौराहामा पहिलो Charter Meeting सम्पन्न भएको जानकारी गराइयो।

Charter President Council गठनको प्रक्रिया अगाडि बढिरहेको तथा Hong Kong–Macau मा Charter President Academy सञ्चालन भइरहेको जानकारी दिइयो। Academy अन्तर्गत Training, Orientation तथा पुस्तक प्रकाशनलगायतका कार्यक्रम सञ्चालन हुने विषयमा समेत जानकारी प्राप्त भयो।

नयाँ Club का लागि GSR तोक्ने प्रक्रियामा Charter President को भूमिका रहने गरेको  सम्बन्धमा समेत जानकारी गराउनुभयो।

## १३. अध्यक्षको समापन भनाइ तथा Sunshine/moonshine Collection प्रतिबेदन

अध्यक्ष Rtn. बाबुराम खड्काले चालु Rotary Year का लक्ष्यहरू स्पष्ट रूपमा निर्धारण गरी Club Calendar, Project Planning, Membership Development, Public Image, Health Camp तथा District/Global Grant सम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकताका साथ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सबै सदस्यहरूको सक्रिय सहभागिता, सहकार्य तथा जिम्मेवारीपूर्ण भूमिकाबाट Rotary Club of Bhadgaon लाई थप प्रभावकारी, व्यवस्थित तथा उत्कृष्ट Club का रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरियो।

त्यसपछि Sergeant-at-Arms Rtn. Chhanda Prasad Acharya ज्युको समन्वयमा आजको **Sunshine Collection** सम्बन्धी विवरण प्रस्तुत गरियो।

बैठकमा जम्मा **२२ जना सदस्यको उपस्थिति** रहेको थियो। Sunshine Collection को विवरण निम्नानुसार रहेको छ:

| विवरण | रकम |
|---|---:|
| Sunshine Cash | रु. ८,२७० |
| QR मार्फत प्राप्त | रु. ४,५०० |
| **जम्मा** | **रु. १२,७५०** |

जम्मा रु. १२,७५० मध्ये **रु. ५,०००** रोटरीयन **Manoj Kumar Kandel** र **रु. ३,२७०** रोटरीयन **Suman Koirala** ले नगद लगेर सहयोग गरि हो रकम कल्बको खातामा रूपमा संकलन गर्नुभएको तथा बाँकी **रु. ४,५०० QR मार्फत Club को खातामा** प्राप्त भएको जानकारी गराइयो।

यसरी आजको बैठकबाट संकलित कुल **रु. १२,७५०** रकम QR मार्फत Club को अभिलेखमा समावेश गरिएको जानकारी गराउँदै Sergeant-at-Arms रोटरीयन छन्द प्रसाद आचार्यज्यु ले अध्यक्षज्यूलाई बैठक समापनका लागि अनुरोध गर्नुभयो।

अध्यक्ष रोटरीयन बाबुराम खड्काले उपस्थित सम्पूर्ण रोटेरियन तथा सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्दै Rotary Club of Bhadgaon को **४७६औँ नियमित बैठक बिहान १०:४५ बजे औपचारिक रूपमा समापन भएको घोषणा गर्नुभयो।**

## १४. बैठकका निर्णयहरू

बैठकले निम्न निर्णयहरू सर्वसम्मत रूपमा गरेको छ:

1. नयाँ सदस्यहरूलाई Rotary सम्बन्धी Orientation तथा Club गतिविधिबारे आवश्यक जानकारी प्रदान गर्ने।
2. चालु Rotary Year का सम्पूर्ण गतिविधि समेटिएको Club Calendar तयार गर्ने।
3. Health Camp का लागि आवश्यक औषधि तथा सामग्री संकलन कार्य तत्काल सुरु गर्ने।

4. आशोज–कार्तिकको बीचमा सम्भावित Health Camp सञ्चालन गर्ने।
5. Barcelona International Convention को Registration सम्बन्धी जानकारी सदस्यहरूलाई उपलब्ध गराउने।
6. October 15 को Deadline लाई ध्यानमा राखी District Grant का लागि Project Proposal तयार गर्ने।
7. Public Image Training मा सम्बन्धित Committee Chair तथा Members लाई सहभागी गराउने।
8. Teej कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने।
9. सबै सदस्यबाट Project Idea तथा Project Proposal माग गर्ने।
10. प्रभावकारी तथा उत्कृष्ट Proposal लाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने।
11. Global Grant तथा District Grant अन्तर्गत सञ्चालन गर्न सकिने सम्भावित Project पहिचान गर्ने।
12. अघिल्लो बैठकका निर्णय तथा तिनको प्रगति प्रत्येक बैठकमा समीक्षा गर्ने।
13. Health Camp का लागि सम्भावित स्थान, सहयोगी संस्था, चिकित्सक, औषधि तथा आवश्यक स्रोतहरूको समन्वय अगाडि बढाउने।